# कटारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कटारी
प्रदेश नं. १, नेपाल

## कर्मचारी करारमा लिने सम्वन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०७७/०५/०४)**

कटारी नगरपालिकाको दैनिक कार्य संचालन गर्नको लागि देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूको यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फारम तथा पाठ्यक्रम कटारी नगरपालिकाको वेवसाइट www.katarimun.gov.np बाट डाउनलोड गर्न सक्नुहुनेछ ।

तपसिल

| सि. नं. | पद | तह | माग पद | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | अमिन | सहायक स्तर चौथो | १ जना | रू. ५०० | |

**आवश्यक योग्यता**
लोकसेवा आयोगले लिने अमिन पदको न्युनतम योग्यता पुरा गरेको हुनुपर्ने छ ।
**कार्य अवधि:**
नगरको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्ने छ ।
**उमेरको हद :**
न्यूनतम १८ वर्ष पुगेको तथा अधिकतम पुरूषको हकमा ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
**तलव :** सहायक स्तर चौथो तहको लागि नेपाल सरकारले तोकेको स्केल अनुरूप हुनेछ ।
**आवश्यक कागजातहरू :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि तथा अनुभव भएमा अनुभवको प्रमाणित प्रतिलिपि सहित आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रूपमा खुलाई निवेदन कटारी नगरपालिकामा पेश गर्नु पर्नेछ । समय भन्दा पछि आएका आवेदनहरूको उपरकारवाही गरिने छैन ।
**कार्य विवरण:**
कटारी नगरपालिकाले तोके बमोजिम ।
**छनौट प्रक्रिया:**
लिखित तथा अन्तर्वार्ताको लागि सम्पर्क मितिमा जानकारी गराईने छ । कटारी नगरपालिकाका स्थानिय वासिन्दालाई प्राथमिकता दिईनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# मनोरञ्जन

## यसरी भयो कलाकार पूजा र पत्रकार प्रकाशबीच मिलापत्र




अभिनेत्री पूजा शर्मा र पत्रकार प्रकाश सुवेदीबीचको विवाद अन्ततः टुंगिएको छ । बिहीवार एपी वान टेलिभिजनको कार्यालयमा उनीहरुले भविष्यमा आपसी सद्भाव विग्रन नदिने भन्दै सहमति पत्रमा हस्ताक्षर गरेका छन् । चलचित्र कलाकार संघ, निर्माता संघ, चलचित्र संघलगायत विभिन्न संघ( संस्थाका व्यक्तिहरुको रोहबरमा नायिका र पत्रकारबीचको विवाद समाधान भएको हो ।

पत्रकार सुवेदी र अभिनेत्री शर्माबीच भएको सहमति पत्रमा कलाकार संघका अध्यक्ष रवीन्द्र खड्का, निर्माता संघका अध्यक्ष आकाश अधिकारी, नृत्यकार संघका कार्यवाहक अध्यक्ष जनक कार्कीलगायतले हस्ताक्षर गरेका छन् । पत्रकार सुवेदीले सञ्चालन गर्ने कार्यक्रम 'र जतपट' लाई लिएर भएका असहमति, उजुर बाजुर लगायतलाई अन्त्य गर्ने पनि उनीहरुबीच सहमती भएको छ ।

सहमति पत्रमा भनिएको छ, 'भविष्यमा एकअर्काको पेशा, व्यक्तिगत समेतलाई सम्मान गर्दै आ(आफ्नो पेशागत मर्यादामा रहि प्रचलित कानुन र पेशागत आचार संहिताको परिपालना तर्फ सजग रहि भविष्यमा आपसी सद्भाव विग्रन नदिने प्रवृतिगत विषयमा समेत दुवै पक्ष संवेदनशिल र सचेत रहने ।' दुईबीचको विवाद वार्ताबाट टुंगिएकोमा फिल्मकर्मीहरुले खुसी व्यक्त गरेका छन् ।

'रजतपट' कार्यक्रममा आफूलाई लक्षित गरेर अपमानजनक शब्द बोलेको भन्दै पूजाले फिल्म सम्बद्ध विभिन्न संघ(संस्थामा पत्रकार सुवेदी विरुद्ध उजुरी दिएकी थिइन् । आफूले बोलेको शब्दलाई लिएर सामाजिक सञ्जालमा व्यापक विरोध भएपछि पत्रकार सुवेदीले एक भिडियोमार्फत् माफी मागेका थिए । तर, पूजाले लिखित रुपमा माफी माग्नु पर्ने अडान राख्दै आएकी थिइन् ।

पत्रकार सुवेदीसँग सहमति पत्रमा हस्ताक्षर गरेपछि अभिनेत्री पूजाले फेसबुकमा एक स्टाटस लेख्दै आफूले शान्ति चाहेका कारण माफी दिएको बताएकी छन् । उनले लेखेकी छन्, 'माफी दिन लायक छन् भनेर अरुलाई माफी दिने होइन । यो यसकारण कि तपाई शान्तिको लायक हुनुहुन्छ ।' गएको दुई हप्तादेखि पूजा र पत्रकार सुवेदीबीचको विवादले फिल्म क्षेत्र तातेको थियो ।


**Covid-19 सम्बन्धमा जनहितमा जारी सन्देश**

हालसम्म विश्वमै Covid-19 को उपचार तथा खोप तयार नभैसकेको अवस्थामा यस रोगलाई लाग्न नदिनु सबैभन्दा उत्तम उपाय हो । शरीरमा रोग प्रतिकारात्मक क्षमता बढाउने गुण र Antimicrobial तथा Antiviral गुण भएका विभिन्न किसिमका जडिबुटीहरुको नियमित रुपमा प्रयोग गर्ने बानी बसालौं ।
१. गुडूची (गुर्जो) ५ ग्रा. आधा लि. पानीमा पकाएर आधा बाकी रहेपछि चिया जस्तै प्रयोग गरौं ।
२. असुराको पात र बेसारलाई १ लि. पानीमा पकाएर आधा बाकी रहेपछि चिया जस्तै प्रयोग गरौं ।
३. सुठो, मरिच, पिप्ला २ ग्राम र तुलसीको पात ५ वटा १ लि. पानीमा पकाएर आधा बाकी रहेपछि सेवन गरौं ।
४. तेजपात २ ग्रा. र दालचिनी २ ग्रा. आधा लि. पानीमा पकाएर चिया जस्तै प्रयोग गरौं ।
५. नियमितरुपमा योग तथा प्राणायाम गर्ने गरौं ।

**संगसंगै यस रोगबाट बच्न नेपाल सरकार तथा WHO द्वारा निर्देशित निम्न उपायहरु अपनाऔं :**
-अत्यावश्यक कामबाहेक घर बाहिर नजाऔं ।
-घरबाहिर निस्कदा मुख, नाक छोप्ने गरी मास्क लगाउने गरौं ।
-साबुनपानीले मिचिमिची राम्रोसंग पटक पटक हात धुने बानी बसालौं ।
-अनावश्यक रुपमा मुख, नाक तथा आखामा हात लग्ने र मिच्ने नगरौं
-अभिवादनका लागि हात मिलाउने र अंकमाल गर्नुको साटो नमस्कार गर्ने गरौं ।
*थप सल्लाह तथा सेवाका लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।*

**सगरमाथा अञ्चल आयुर्वेद औषधालय**
गाईघाट, उदयपुर



**'तपाई हाम्रो सचेतता, कोरोना भाइरस रोगको संक्रमण रोक्न अपनाऔं सतर्कता'**

**कोरोना भाइरस कोभिड-१९** रोग स्वासप्रश्वासको माध्यमबाट सर्ने संक्रमण हो । संक्रमित व्यक्तिले खोक्दा र हाछ्यू गर्दा निस्कने थुक र सिगानको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा यो भाइरस सर्दछ ।

**यसको संक्रमणबाट बच्न के गर्ने ?**
✓ खोक्दा, हाछ्यू गर्दा नाक मुख छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई तुरुन्त फोहोर फाल्ने बाकसमा फाल्ने ।
✓ बेला–बेला साबुन पानीले मिची–मिची हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने ।
✓ हात नमिलाउने, अङ्कमाल नगर्ने त्यसको साटो नमस्कार गर्ने ।
✓ खोकी लागेको व्यक्तिबाट टाढा रहने र आफूलाई खोकी लागेको भए अरु व्यक्तिबाट टाढा बस्ने ।
✓ भीडभाडमा नजाने र अरुलाई पनि नजान सुझाव दिने ।

**र ध्यानदिनै पर्ने कुरा**
ज्वरो आएमा, खोकी लागेमा र सास फेर्न गाह्रो भएमा तुरुन्त नजिकैको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्नुहोस् ।

**गाईघाट दिक्तेल सडक आयोजना गाईघाट**



**घरेलु तथा साना उद्योग विकास समिति उदयपुरको अनुरोध**

■ कुनै पनि काम सानो र ठूलो हुँदैन । श्रम गर्न नहिच्किचाऔं । श्रमको सम्मान गरौं । उत्पादन र उत्पादकत्व बढाउन शिक्षित र सचेत बनौं र अरुलाई पनि बनाऔं ।
■ सम्भव भएसम्म मुलुककै स्रोत र साधनको प्रयोग गरी मुलुकलाई आर्थिक एवम् औद्योगिक रुपमा टेवा पुऱ्याउने बानी बसालौं ।
■ उद्यम गरौं, उद्यमी बनौं रोजगारीको सृजना गरौं ।


अमर मिडिया प्रा.लि.द्वारा प्रकाशित
जनभाव JANABHAV DAILY दैनिक
सम्पादक : जीवनाथ दाहाल, कार्यकारी सम्पादक विदुर कटुवाल (बैरागी)
कार्यलय : त्रियुगा नगरपालिका-११ गाईघाट उदयपुर, सम्पर्क : ०३५४२१८०८, Email : janabhavnews@gmail.com,
मुद्रक : क्वालिटी अपसेट प्रेस, त्रियुगा नगरपालिका-११, गाईघाट ०३५४२१८०८/९८५२८३७७७७, कटारी न्युरो प्रमुख अभि लामिछाने
facebook.com/janabhav, @janabhav, Email-katuwalbidur@gmial.com. web-www.gaupalika.com